जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ७० पृष्ठः ४ | २०८१ असार २४ गते सोमबार (Monday 08 July 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# रासायनिक मलको अभाव नहुने

**जीवछ यादव**

लहान, २३ असार। रासायनिक मलको अभाव नरहेको कृषि कम्पनी लिमिटेड शाखा लहानले जनाएको छ। कम्पनी लिमिटेड शाखा लहानले सिरहा, खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बुमा रासायनिक मल व्यवस्थापन गर्दै आइरहेको लहान शाखाका प्रबन्धक दिपराज पौडेलले बताएको हो। उनका अनुसार यस शाखाबाट ४३११.६५० मेट्रिक टन डिएपी, ३३१६.९५० मेट्रिक टन युरिया १९२.२०० मेट्रिक टन पोटास बिक्री भएको छ भने ८१५.७०० मेट्रिक टन डिएपी, ८७.५०० मेट्रिक टन युरिया १२२ मेट्रिकटन पोटास मौजदात रहेको छ। निरन्तर माग अनुसारको रसायनिक मल आपूर्ति भइरहेकोले गत विगत वर्षहरुमा जसरी अभाव भएको थियो, त्यसरी यस वर्ष अभाव छैन।

> पालिका प्रमुखहरुले आफ्नो नजिकको नेता कार्यकर्ताहरुलाई आवश्यकभन्दा बढी मलको सिफारिस दिएर थुपार्ने अभाव सृजना भएपछि बढी रकम लिएर मल बिक्री गर्ने समस्यालाई समाधानका लागि नियमित अनुगमन आवश्यक रहेकोले छ।
>
> **प्रदीप सिंह दनुवार**
> सिरहा जिल्ला अध्यक्ष
> नेपाल राष्ट्रिय कृषक महासंघ

लहान–२१ समाधान कृषि सहकारीका अध्यक्ष गिरिजा देवी यादवले मलखाद्यको अभाव नभएपनि पहुँच भएका किसानहरुले अवाश्यक्ता भन्दा बढी मल थुपार्ने र जनप्रतिनिधिहरुले सयौं बोरा मल आफ्नो सिफारिसमा वितरण गर्ने आफ्नो दलको नेता कार्यकर्तालाई बढी दिइने विपक्षी दललाई आवश्यक्ता अनुसार मल नदिँदा कृत्रिम रुपमा समस्या सृजना हुने गरेको बताए। "कुन वडामा बढी किसान रहेको छ त्यस आधारमा मलको कोटा सहकारीहरुलाई दिनुपर्नेमा त्यस्तो भरपर्दो वितरण नीति नअपनाउँदा समस्या रहेको छ', उनले भने।

सिरहा जिल्लामा रहेको ११९ वटा कृषि सहकारीहरुबाट सिरहाका १७ वटै पालिकाका किसानहरुलाई मलखाद्य आपूर्ति भइरहेको लहान शाखाका प्रबन्धक पौडेलले भन्दै अनुगमन गर्नुपर्ने स्थानीय तह पालिकाहरुले मलखाद्य वितरणको लागि पारदर्शी प्रक्रिया नअपनाउँदा प्रर्याप्त मलखाद्य वितरण गरिएपनि समस्या हुने गरेको र गुनासो आउने गरेको बताए। मलखाद्य वितरणमा स्थानीय तह पालिकाहरुमा जुन दलका जनप्रतिनिधिको वर्चस्व छ ती दलका नजिक रहेका कृषि सहकारीहरुले मल बिक्री गरिरहेको पाएकोले फरक दलका नेता कार्यकर्ता किसानहरुले मल पाउन ठूलो सास्ती बेहोर्नुपरिरहेको लहान–२१ का भोरिल यादवले गुनासो पोखे। भोरिल यादवको जस्तै सिरहाका १७ वटै पालिकाहरुबाट किसानहरुको गुनासो आइरहेको छ।

धानबाली लगाउने समयमा पर्याप्त मल पाउँदा कति पहुँचवाला किसानहरुले गहुँ बालीको लागि समेत मल भण्डारण गरिरहेकोले निम्नवर्गीय किसानहरुले मल पाउन नसकिरहेको समस्या अहिले पनि देखिएको गुनासो विगत वर्षहरुदेखि उठे पनि समस्या समाधान हुन अधिकांश नसकेको कृषकहरुले गुनासो पोखे। पालिका प्रमुखहरुले सयौं बोरा मल आफ्नो सिफरिसमा वितरण गर्ने, आफ्नो नजिकको नेता कार्यकर्ताहरुलाई आवश्यकभन्दा बढी मलको सिफारिस दिएर थुपार्ने अभाव सृजना भएपछि बढी रकम लिएर मल बिक्री गर्ने समस्यालाई समाधानका लागि नियमित अनुगमन आवश्यक रहेकोले अनुगमन गर्ने निकायहरु निष्क्रिय हुँदा किसानहरु मारमा पर्ने गरेको नेपाल राष्ट्रिय कृषक महासंघ सिरहाका अध्यक्ष प्रदीप सिंह दनुवारले बताए।

# चालु आवको भुक्तानी हुने आज अन्तिम दिन

काठमाडौं, २३ असार। यही असार २४ गते मध्यरातदेखि सबै सरकारी खाता एक हप्ताका निम्ति बन्द गरिने भएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को व्यवस्था अनुसार महालेखा नियन्त्रक कार्यालय (मलेनिका), प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) र सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)ले सञ्चालन गर्ने खाता बन्द गरिने मलेनिकाका प्रवक्ता ओमप्रसाद रिजालले जानकारी दिए। "सोमबार रातिदेखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली ( सूत्र), एकल खाता कोष प्रणाली (

–बाँकी अन्तिम पेजमा


# चिकित्सकविरुद्ध भ्रष्टाचार मुद्दा

महोत्तरी, २३ असार। नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी सरकारी सेवामा आवद्ध रहेको अरोपमा मधेस प्रदेशको प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, महोत्तरी (जलेश्वर)मा आठौं तहमा कार्यरत चिकित्सक संगीताकुमारी साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले साहविरुद्ध

–बाँकी तीन पेजमा

# कोसी ब्यारेजका ५६ वटै ढोका खोलिए

## पानीको बहाव घट्दो, उच्च सतर्कता जारी



सप्तरी, २३ असार। सप्तकोसी नदीमा पानीको बहाव निरन्तर बढेर खतराको तह पार गरेपछि ५६ वटै ढोका खोलिएको छ। शनिबार बिहान १० बजेदेखि सबै ढोका खुल्ला गरिएको हो। पानीको बहावमा कमी नआएसम्म भारतीय पक्षलाई निरन्तर सबै ढोकाहरु खुल्ला राख्न लगाउने स्थानीयले प्रशासनले जनाएको छ। आइतबार बिहान १० बजेको मापन अनुसार तीन लाख ७० हजार १५० क्यूसेक पुगेपछि सबै ढोका खुल्ला गरिएको थियो। साँझ ५ बजे पानीको बहाव तीन लाख ९३ हजार ७१५ पुगेकोमा ६ बजे भने तीन लाख ८५ हजार ६५० क्यूसेकेमा झरेको छ।

पहाडी जिल्लामा निरन्तर पानी परि रहेकाले सप्तकोसीमा पानीको बहाव बढिरहेको छ। जस कारण

–बाँकी तीन पेजमा

# मधेश प्रदेशमा एचआईभी सङ्क्रमितको संख्यामा वृद्धि

जनकपुर, २३ असार। मधेश प्रदेशमा एचआईभी सङ्क्रमितको संख्या चार हजार दुई सय ८७ रहेको पाइएको छ। एचआईभी सङ्क्रमित ती सबैले नियमित औषधि सेवन गरिरहेका छन्। प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामले धनुषाको लालगढमा आयोजना गरेको तीन दिने प्रयोगशाला सम्बन्धी प्रशिक्षण समापनमा एचआईभी सङ्क्रमित बारे उक्त तथ्याङ्क प्रस्तुत गरिएको हो। मधेश प्रदेश सरकारले एक सय ३६ पालिकामा प्रयोगशाला स्थापना गरेर सर्ने तथा नसर्ने रोगको नियमित रुपमा परीक्षण गरिरहेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका प्रमुख एवम् वरिष्ठ भाइरोलोजिष्ट डा. श्रवणकुमार

–बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, SIRAHA, 9815732999, 9805973429, 033-550585

# मधेश सरकारमा जान टुंग्यायो ४ मन्त्रीको नाम

जनकपुर, २३ असार। नेपाली कांग्रेसले मधेश सरकारमा जान ४ जनाको नाम टुंगो लगाएको छ। आइतबार बसेको कांग्रेस मधेश प्रदेशसभा संसदीय दलको बैठकले सरकारमा पठाउन ४ जनाको नाम टुंग्याएको हो। कांग्रेस स्रोतका अनुसार रौतहटका सुनिल यादव, पर्साका जनार्दन क्षेत्री, धनुषाका शेषनारायण यादव र कौशल किशोर रायलाई सरकारमा पठाउने टुंगो लगाएको छ। कांग्रेसले चार जनाको नाममा छलफल गरे पनि मुख्यमन्त्री सतिशकुमार सिंहले तीनवटा मन्त्रालय दिने तयारी गरेका छन्। प्रदेश सभामा कांग्रेसको २२ सिट छ। २५ सिटको एमाले ४ मन्त्रालय लिएर सरकारमा छ। एमालेले पनि कांग्रेस र आफूहरुको सरकारमा समान हैसियत हुन नसक्ने बताएको छ। कांग्रेसलाई चार मन्त्रालय दिए एमालेले थप एक मन्त्रालय पाउनुपर्ने उसको माग छ। मुख्यमन्त्री सतिशकुमार सिंहले नेपाली कांग्रेस र नेकपा एमालेलाई यस विषयमा छलफल गर्न बोलाएका छन्। केन्द्रमा कांग्रेस र एमालेको समीकरण बनेपछि मधेशमा जनमत सरकारलाई निरन्तरता दिने सहमत भएको थियो। कांग्रेस र लोसपालाई सरकारमा सहभागी गराउन मुख्यमन्त्री सिंहले माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका ६ मन्त्रीलाई शनिबार बर्खास्त गरेका थिए।



# सम्पादकीय

## जनतालाई थप निराश नबनाऊ !

संसद् सत्ताको खेलका निम्तिमात्र प्रयोग हुनु संसदीय लोकतन्त्रकै उपहास हो। दुर्भाग्य, नेपालका सांसदले आफू जनताका प्रतिनिधि भएको र जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने आत्मसात् गरेको देखिएन। प्रधानमन्त्री पुष्पकमल दाहालले यही २८ गते प्रतिनिधि सभाबाट विश्वासको मत लिने तय भइसकेको छ। सांसदहरू भने जनताले भोग्नुपरेका विपत्ति बिर्सेर दाहालको राजीनामाको बहसमा अल्झिन पुगेका छन्। नेकपा ९एमाले०ले नेपाली कांग्रेससँग सत्ता साझेदारीको सहमति गर्नुभन्दा पहिले सरकारलाई दिएको समर्थन फिर्ता लिनुपर्थ्यो। तर, समर्थन फिर्ता नलिँदै एमाले नेताहरूले त प्रधानमन्त्रीको राजीनामा पो माग्न थाले।

सर्वोच्च अदालतका न्यायाधीशले 'राजीनामा दिनु उचित' भन्दा पनि गृहमन्त्रीले पद छाडेनन्। यो विषय संसद्मा भने खासै उठाइएन। कारण, राजीनामा संवैधानिक बाध्यता नभएर नैतिकताको विषय हो। अहिले बाढी, पहिरो, डुबान र कटानबाट जनधनको ठूलो क्षति भएको छ। संसद्ले त त्यस विषयमा पो सरकारको ध्यानाकर्षण गर्नुपर्थ्यो। सरकार थप संवेदनशील भई पो हाल्थ्यो कि? प्रधानमन्त्री दाहालले विश्वासको मत नलिई राजीनामा गर्नुपर्छ भन्नेहरूको ध्येय नैतिकता अभ्यासको परम्परा बसाउनु भने होइन। नैतिकताको आधारमा राजीनामा माग गर्नेहरूले विगतमा त्यस्तो अभ्यास गरेको देखिएको छैन।

नयाँ सरकार गठन प्रक्रिया नेपालको संविधान, २०७२ को धारा ७६ को उपधारा (३) अनुसार सुरु हुने सन्देहले एमालेका नेताहरू तर्सेका त होइनन् ? कांग्रेसले स्पष्टीकरण दिइसकेकाले त्यो शंका त निवारण हुनुपर्ने हो। जेहोस्, यसले दुई दलबीच सत्ता साझेदारीको सहमति रणनीतिमात्रै हो भन्ने सनेदेह यसबाट पुष्टि भएको छ। दुवै पार्टीका नेताहरूबीच सत्ता साझेदारीको सहमति विश्वासमा नभएर बाध्यतामा सत्तामोहमा आधारित देखियो। संसद्का दुई ठूला राजनीतिक दलहरूबीचको सहमति 'घिउ र तरबार' बेचुवाको जस्तो हुनपुग्यो भने देशका लागि अर्को दुर्भाग्य हुनेछ। कांग्रेस र एमालेका नेताहरूले जनतालाई थप निराश बनाउने काम नगरून् !




### एसईईको मौका परीक्षा :

# दबाब हैन, अवसरको रूपमा सदुपयोग गरौँ

**राजेन्द्र पहाडी**

यस वर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई) मा पास हुन नसकेका सबै विद्यार्थीले मौका परीक्षा दिन पाउने अवसर पाएका छन्। एक महिनापछि हुने मौका परीक्षा विद्यार्थीका लागि आफ्नो नतिजा सुधार्ने एक महत्त्वपूर्ण अवसर हो। विद्यार्थीलाई परीक्षामा सफल हुनका लागि धेरै दबाब हुन सक्छ जसले उनीहरूको भावनात्मक र मानसिक स्वास्थ्यमा चिन्ता उत्पन्न गर्न सक्छ। यस अवस्थामा घरपरिवार र आफन्तले विद्यार्थीलाई तनाव र चिन्ता व्यवस्थापन गर्न मद्दत र हौसला प्रदान गर्नुपर्छ। विद्यार्थीले कुनै प्रकारको तनाव लिनु हुँदैन भन्ने मुख्य कुरा हो। पूरक परीक्षाको तयारी गरिरहेका विद्यार्थीले सकारात्मक सोच राख्न जरुरी छ। पहिले मनबाट अनुत्तीर्ण भएको डर हटाउनु आवश्यक छ। उच्च मनोबल र दृढ विश्वासका साथ परीक्षामा सहभागी हुने परिस्थिति निर्माण गर्नुपर्छ। यसरी तयारी गर्दा उत्तीर्ण हुन सक्ने स्थिति बन्न सक्छ।



अबको एक महिना पूरक परीक्षामा सहभागी हुने विद्यार्थीका लागि अत्यन्त महत्त्वपूर्ण समय हो। एक वर्ष अध्ययन गरिसकेका कारण अबको एक महिनामा बुझ्न सजिलो हुन्छ। यस समयमा विद्यार्थीले त्यही किताब र पाठलाई पुनरावलोकन गर्नुपर्छ। त्यसैले तयारीका लागि एक महिना पर्याप्त समय हो। विद्यार्थीले अब्बल हुन व्यवस्थित समय तालिका बनाएर तयारी गर्नुपर्छ। यसअघि दिएको परीक्षाको अनुभव निकै मूल्यवान् हुन्छ। परीक्षामा कति प्रश्न हल गरियो ? पर्याप्त तयारी थियो कि थिएन ? यदि तयारी अपूरो थियो भने त्यसलाई पूर्णता दिनु आवश्यक छ। त्यसका लागि विगतमा सोधिएका प्रश्न, यसअघिका परीक्षामा सोधिएका प्रश्नपत्र जम्मा गर्ने र अभ्यास गर्ने। आफैँले लेखेका उत्तर विषय शिक्षक र साथीभाइलाई देखाउने र सुधार गर्ने कुरामा ध्यान दिनु आवश्यक छ। आफूले नजानेको वा नबुझेको कुरा शिक्षक वा जान्ने साथीलाई सोध्नुपर्छ।

विद्यार्थीले दोस्रो मौकाको तयारी गर्दा कम समयमा धेरै पढ्नुपर्ने हुन्छ जसले गर्दा एक वर्षभरि पढेका कुरालाई एक महिनामै दोहोऱ्याउनुपर्ने चुनौतीपूर्ण हुनसक्छ। यस्तो अवस्थामा विद्यार्थीले यो मौकालाई बोझभन्दा अवसरको रूपमा लिएर सकारात्मक रहनु आवश्यक छ। तसर्थ विद्यार्थीले अहिलेसम्म पढेका कुरालाई घोक्नेभन्दा मुख्य अवधारणा बुझ्नमा केन्द्रित हुनुपर्छ। परीक्षाको तयारी गर्न केही आधारभूत आवश्यकता छन्। अध्ययन गर्दा मुख्य विषयका बुँदा टिपोट गरेर पढ्ने, लेख्ने र निरन्तर अभ्यास गर्नुपर्छ।

**तयारीका उपाय**

विद्यार्थीले तयारी गर्दा व्यवस्थित योजना र समय व्यवस्थापन गर्नु अत्यन्तै जरुरी छ। दैनिक अध्ययन तालिका बनाएर तयारी गर्नुपर्छ जसमा गाह्रो विषयलाई बढी प्राथमिकता र कम गाह्रो विषयलाई कम समय मिलाएर अध्ययन गर्नुपर्छ। एकैचोटि लामो समयभन्दा छोटो–छोटो समयमा अध्ययन गर्दा ध्यान केन्द्रित रहन्छ। साथै अध्ययन सामग्रीको सही चयनले तयारीलाई प्रभावकारी बनाउँछ। यसका लागि शिक्षक, जान्ने साथी वा अनुभवी व्यक्तिको सहयोग लिनुपर्छ। परीक्षामा सफल हुन नियमित अभ्यास गर्न आवश्यक छ। विद्यार्थीले मुख्य पाठ्यपुस्तक र टिपोटको आधारमा अध्ययन गर्नुपर्छ। तर शिक्षकले पाठ्यपुस्तकसँगै व्यावहारिक शिक्षा दिन सकेमा विद्यार्थीलाई बुझ्न थप सहज हुन्छ। विद्यार्थीले पनि मौलिक उत्तर दिन सकेमा धेरै नम्बर पाउने सम्भावना बढ्छ।

अहिलेको समयमा हामी प्रविधिसँग जडिएका छौँ। विषय शिक्षा प्राप्त गर्न प्रत्यक्ष सम्पर्क नभए पनि सामाजिक सञ्जालमार्फत हामी जिज्ञासा राख्न सक्छौँ। यसैगरी अनलाइन स्रोत जस्तै– युट्युब भिडियो, अनलाइन क्लास र अन्य शैक्षिक वेबसाइटको प्रयोग गर्न सकिन्छ। शिक्षकले विद्यार्थीलाई सहजीकरण गर्नुपर्छ। अपेक्षित परिणाम हासिल गर्न अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्छ। साथै सधैँ विद्यार्थीलाई सकारात्मक भावना विकास गर्न र उनीहरूको मनोबल उच्च राख्नुपर्छ। शिक्षकले विशेष कक्षा सञ्चालन, त्यसको प्रबन्धन र अनुगमन गर्नुपर्छ। अभिभावकले विद्यार्थीलाई घरमा शान्तिपूर्ण वातावरण प्रदान गर्नुपर्छ। विद्यार्थीको स्वास्थ्यका लागि उनीहरूको खानपानमा ध्यान दिनु आवश्यक छ। विद्यार्थीलाई मानसिक तनाव भएको गतिविधिबाट सावधान रहन आवश्यक छ। परीक्षाको तयारीमा विद्यार्थीले शारीरिक र मानसिक स्वास्थ्यको ख्याल राख्नुपर्छ। त्यसका लागि स्वास्थ्यकर खानपानमा ध्यान दिनुपर्छ।

परीक्षा दिँदा सबै परीक्षा केन्द्र, समय र परीक्षाका लागि आवश्यक सामग्री सही तरिकामा छुटाउनु हुँदैन। परीक्षा दिँदा पनि निर्देशनानुसार सम्पूर्ण पालना गर्नुपर्छ। जसमा सिम्बल नम्बर, उत्तर पुस्तिकाको नम्बर र रजिस्ट्रेशन नम्बर सही लेख्नुपर्छ। प्रश्नको हल गर्दा कुन प्रश्नलाई कति अङ्क दिइएको छ भन्ने अनुसार समय व्यवस्थापन गरी लेख्नुपर्छ। विद्यार्थी जीवनमा परीक्षा धेरै दिनुपर्छ। यदि कुनै परीक्षा बिग्रिँदैमा सबै सकियो भनेर सोच्नु हुँदैन। विद्यार्थीले यसबाट सिक्नुपर्छ र अगाडि बढ्नुपर्छ। उनीहरूलाई हौसला दिनु अत्यन्तै आवश्यक छ। नेपालमा परीक्षा मात्र विद्यार्थीको ज्ञानको मापदण्ड होइन। परीक्षामा सिकेका शिक्षाका पाठलाई सकारात्मक दृष्टिकोणले अभिवृद्धि गर्न आत्मसात् गर्नुपर्छ जसले सृजनात्मक, सकारात्मक र रचनात्मक विकासलाई अगाडि बढाउन सक्छ। यो एक महिनाको अवधि निकै महत्त्वपूर्ण छ। विद्यार्थीले दैनिक समय तालिका बनाउँदा अध्ययन प्रभावशाली हुन्छ। अहिलेको अवसरको महत्त्व बुझेर तयारी गर्न यो एक महिनाको समय अत्यन्त आवश्यक छ र यसपालि नै कक्षा ११ मा भर्ना हुन पाइन्छ।

# देशभर मनसुनी वर्षाको प्रभाव : राहत र व्यवस्थापनमा चुनौती

**गृष्मा राजभण्डारी**

काठमाडौं, २३ असार। यस वर्ष नेपालमा मनसुन शुरु भएयताको एक महिनाको अवधिमा गएका २७ बाढी पहिरोले ६० जनाको ज्यान गएको गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ। जसमा मनसुनजन्य विपत्तीका कारण ४१९ घटना भएका छन् भने ७२ जना घाइते भए। देशभरका २० भन्दा बढी राजमार्गहरु समेत अवरुद्ध हुन पुगे। देश अहिले प्राकृतिक विपत्तीमा परेको छ। देशका अधिकांश जिल्लामा अविरल वर्षासंगै आएको बाढीपहिरोमा धेरै जनधनको क्षति भएको छ। ठाउँ ठाउँमा पहिरो गएर देशका विभिन्न राजमार्गहरु अवरुद्ध बन्दा हजारौं यात्रुहरु अलपत्र परेका छन्।

केही दिनदेखि भइरहेको भारी वर्षाका कारण दर्जनौको मृत्यु हुँदा केही बेपत्ता भए भने धेरै घरबारविहीन बनेका छन्। शुक्रबार रातीदेखिको वर्षा शनिबार र आइतबार पनि जारी रहँदा त्यसको असर देशभर पऱ्यो। राजधानी काठमाडौंमा पनि भारी वर्षाले सडक तथा घरहरुमा भेल पस्दा जोखिम अधिक बढ्यो। भारी वर्षासँगै आएको बाढीले अधिकांश नदी किनारका बस्ती तथा घरहरु डुबानमा परे। काठमाडौको टेकु दोभान नजिकैको बस्तीमा पानी पस्दा ५० भन्दा बढी घरपरिवार बिस्थापित भएका छन्। भक्तपुरको मनहरा क्षेत्र पनि हरेक वर्ष झैं यो वर्ष पनि डुबानमा पऱ्यो।

यसैगरि शुक्रबारदेखि शुरु भएको मनसुनी वर्षाले तराईका विभिन्न जिल्लाहरु डुबानमा पर्दा ठाउँठाउँमा गएको पहिरोले थुप्रै विस्थापित भएका छन्। सम्बन्धित निकायले उनीहरुको वैकल्पिक व्यवस्था गरेको बताएपनि उचित व्यवस्थापनको अभावका कारण वृद्धवृद्धा र बालबालिकाको बिचल्ली भएको छ। देशका विभिन्न भूभागहरु अझै उच्च

> मनसुनजन्य विपत्तीका कारण ४१९ घटना भएका छन् भने ७२ जना घाइते भए। देशभरका २० भन्दा बढी राजमार्गहरु समेत अवरुद्ध हुन पुगे।

जोखिममा छन। यस्तै मनसुनी वर्षासंगै देशभरका नदीहरुको पानीको जलस्तर बढेर बस्तीसम्म प्रवेश गर्दा जीउधनको जोखिम बढेको छ भने कयौं हेक्टर जमीनमा लगाइएको बालीनाली समेत नष्ट भएको छ। वर्षाले रुपन्देही, कपिलवस्तु, दाङ, नवलपरासी लगायत तराई क्षेत्रको भूभाग पुरै डुबेको छ।

त्यतिमात्र होइन कर्णाली राजमार्ग ठप्प हुँदा हिमाली जिल्लामा हुने खाद्यान्न ढुवानीसमेत ठप्प भएको छ। राजनीतिक संक्रमणका कारण प्रभावितलाई राहत र व्यवस्थापनमा चुनौती देखिए पनि तीनै वटा सुरक्षा निकाय भने उद्धारमा जुटेका छन्। पूर्वी नवपरासीस्थित नारायणी नदीमा फसेका दुई जनाको उद्धार गरिएको छ। मनसुनी वर्षाको प्रभाव सुदूरपश्चिमका विभिन्न जिल्लामा पर्दा अवरुद्ध बनेको सडक खुलाउने प्रयास पनि जारी नै छ। सबैभन्दा खतराको रुपमा रहेको कोशी प्रदेशका मुख्य नदी तथा खोलाहरूमा जलसतह ह्वातै बढ्दा सप्तकोशी ब्यारेजका सबै ५६ ढोका खोलिएका छन्। अन्य नदीको जलप्रवाह पनि बढ्न पुग्दा क्षतिको जोखिम बढिरहेको छ।

# तौल घटाउने औषधिले आँखाको ज्योतिमा असर

मोटो पन घटाउने औषधिले आँखाको ज्योतिलाई असर गर्ने एक अनुसन्धानले देखाएको छ। अमेरिकाको म्यासाचुसेट्स आई एण्ड इयर हस्पिटलका अनुसन्धान कर्ता हरूको नेतृत्वमा रहेको एक टोलीले के पाए भने तौल घटाउने औषधि दिइएका मोटो पनाले ग्रस्त बिरामीहरूमा नन आर्टेरिटिक एन्टीरियर इस्केमिक अप्टिक न्युरोपैथी (एनएआइओएन) हुने आशंका सात गुणा बढी थियो। जसका कारण आँखाको ज्योति अचानक गुम्न सक्छ। उनीहरूले पत्ता लगाए कि मधुमेहका बिरामीहरू जसले यी सेमाग्लुटाइड युक्त औषधिहरू लिइरहेका थिए उनीहरूमा एनएआइओएन हुने सम्भावना चार गुणा बढी थियो।

यो निष्कर्ष द जर्नल अफ द अमेरिकन मेडिकल एसोसिएसन अप्थल्मोलोजी मा प्रकाशित भएको हो। म्यासाचुसेट्स आई एण्ड इयर मा न्युरो नेत्र विज्ञान सेवा को निर्देशक जोसेफ रिजो ले यो जानकारी आफूहरूसँग पहिले नभएको बताए। यसलाई बिरामी र तिनिहरूका डाक्टरहरू बीचको छलफलमा समावेश गर्नुपर्छ। विशेष गरी यदि बिरामीहरूलाई ग्लुकोमा जस्तो आँखाको तंत्रिकाको समस्याहरू छ वा अन्य कारणहरूले दृष्टि पहिले देखि नै प्रभावित भएको छ भने। यद्यपि, रिजोले जोड दिए कि यो जोखिम तुलनात्मक रूपमा असामान्य विकार सँग सम्बन्धित छ र थप अध्ययन आवश्यक छ। किनकी अनुसन्धान कर्ताहरूलाई थाहा छैन की तौल घटाउने औषधिहरू र आँखाको अवस्थाहरू बीच किन वा कसरी सम्बन्ध छ।

## कोसी ब्यारेजका ...

सुनसरी र सप्तरीका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सुरक्षा समितिले आइतबार कोसी ब्यारेज क्षेत्रसँगै प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेको छ। सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीका अनुसार कोसीमा निरन्तर पानीको बहाव बढेपछि कोसी ब्यारेजदेखि चतरा पुलसम्म अनुगमन गर्दा कुनै खतरा भने देखिएको छैन। उनले कोसीको बीचमा रहेको श्रीलंका टापुका बासिन्दालाई पनि अहिलेसम्म कोसीले असर नपुऱ्याएको प्रहरीबाट सूचना प्राप्त भएको बताए। सप्तरीतर्फ पनि कोसीले प्रभाव पार्ने क्षेत्र हनुमाननगर कंकालिनी र त्रिलाठी कोइलाठीका बासिन्दालाई सतर्कता अपनाउन प्रहरीमार्फत सूचना सकुर्लर गरिएको प्रमुख जिल्ला अधिकारी मघेबहादुर मगरातीले बताए।

'अहिलेसम्म क्षति नै चाहिँ भएको छैन,' उनले भने, 'यद्यपि, प्रभावित क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन र सुरक्षित स्थानमा ल्याएर राख्न पूर्व तयारी गरिएको छ।' कोसी ब्यारेजमा साँझ छ बजेको मापन अनुसार केही हदसम्म पानीको बहाव घटेको छ। सप्तकोसी चतरा जल मापन केन्द्रले दिउँसो ४ बजे एक लाख ७२ हजार पाँच सय क्युसेक मापन गरेको कोसी योजना आयोग विराटनगरका सम्पर्क भू आर्जन अधिकृत प्रमोद पौडेलले जानकारी दिए। यस आधारमा पहाडी जिल्लामा वर्षा मथ्थर भए सप्तकोसीमा पानीको बहाव घटने निश्चित छ। तर, पहाडी जिल्लामा वर्षा निरन्तर भएमा अझ बढ्नेछ।

कोसी ब्यारेजमा पानीको बहाव एक लाख ५० हजार काट्ने बित्तिकै सर्वसाधारणलाई सचेत गर्नका निम्ति खतराको संकेत पश्चिमतर्फ रातो बत्ती बाल्ने गरिन्छ। दुई लाख काट्ने बितिकै पूर्वतर्फ खतराको अर्को रातो बत्ती बालिने गरिन्छ। पानीको बहाव तीन लाख काट्नासाथ मध्य भागमा पनि रातो बत्ती बाल्ने गरिएको छ। कोसी ब्यारेज बन्दा नौ लाख ५० हजार क्युसेक पानी भारवहन क्षमता हुने उल्लेख छ। सप्तकोसी अहिले सम्मको इतिहासमा सबैभन्दा बढी सन् १९६८ मा सात लाख ८८ हजार २०० क्यूसेक पुगेको थियो।

यस्तै, पानीको बहाव बढी पुग्ने क्रममा सन् १९८७ मा पाँच लाख एक हजार ७७१ क्युसेक, सन १९८९ सेप्टेम्बर १९ मा चार लाख ७२ हजार १९३ क्युसेक, सन् २००४ जुलाई ११ मा तीन लाख ९८ हजार ६६९ क्युसेक र २०१९ जुलाई १३ मा तीन लाख ७१ हजार ११० क्युसेक पानीको बहाव थियो। यस्तै, सन् २०२० मा तीन लाख ३४ हजार नौ सय, सन २०२१ मा दुई लाख ७४ हजार, सन् २०२२ मा दुई लाख ४३ हजार, सन् २०२३ अगस्ट १४ मा चार लाख ६२ हजार ३४५ क्युसेक पानीको बहाव मापन गरिएको थियो। सन २०११ साल वैशाख १५ गते नेपाल र भारत बिच कोशी योजना सम्बन्धी सम्झौता सम्झौता पश्चात् कोशी ब्यारेज बनेको थियो। २०६५ भदौ-२ गते एक लाख ६८ हजार क्यूसेक पानीको बहाव हुँदा सप्तकोसी नदीले पूर्वी तटबन्ध भत्काएको थियो।

## चिकित्सकविरुद्ध...

आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। अख्तियारका प्रवक्ता नरहरी घिमिरेले जलेश्वरमा आठौं तहको होमियोप्याथी चिकित्सकतर्फ करारमा कार्यरत साहले सेवा प्रवेश गर्दा पेश गरेका योग्यताका प्रमाणपत्रमध्ये बिहार संस्कृत शिक्षा बोर्डद्वारा संचालित मध्यमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण शैक्षिक प्रमाणपत्र झुठा देखिएपछि प्रतिवादी विरुद्ध मुद्दा दायर गरिएको बताए।

# सीके राउतले किन फिर्ता लिएनन् प्रचण्डलाई दिएको समर्थन ?

काठमाडौं, २३ असार। दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीच नयाँ सत्ता साझेदारीको सहमतिपछि माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा सामेल दलहरूले समर्थन फिर्ता लिने क्रम जारी छ। एमाले, जसपाले मन्त्रीहरू फिर्ता गरिसकेका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र एकीकृत समाजवादीले प्रचण्डलाई अन्तिम समयसम्म साथ दिने वचन दिएका छन्। संघीय सरकारमा जाने तरखरमा रहेका जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी के गर्ने अन्योलमै छन्।

शुक्रबार प्रधानमन्त्री प्रचण्डले बोलाएको सत्तारुढ दलका नेताहरूको बैठकमा जनमत अध्यक्ष सीके राउत र नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठसमेत सहभागी भए। सो बैठकपछि माओवादी केन्द्र र एकीकृत समाजवादीले पनि मधेश सरकारलाई समर्थन कायम राख्ने सहमति थियो। तर, शनिबार नयाँ सत्ता गठबन्धन दलहरू कांग्रेस र एमालेले समर्थन गर्ने भएपछि मुख्यमन्त्री सतिशकुमार सिंहले माओवादी केन्द्र, एसका मन्त्रीहरू बर्खास्त गरिदिए। कांग्रेस-एमालेको समर्थनमा उनले विश्वासको मत प्राप्त गरे।

कांग्रेस-एमाले समर्थनमा मधेशको सरकार जोगिए पनि जनमत पार्टीले प्रचण्ड सरकारलाई दिएको विश्वासको मत फिर्ता लिइसकेको छैन। 'अब क्लियर भइसक्यो। हामी नयाँ गठबन्धनमा सामेल भइसक्यौँ,' जनमतका सचिव बीपी साहले भने, 'सचिवालय बैठकमा यसबारे निर्णय हुन्छ।' मुख्य दलहरू एक ठाउँ उभिइसकेपछि जनमतले प्रधानमन्त्री प्रचण्डलाई समर्थन गर्नु वा नगर्नुको औचित्य नै सकिएको उल्लेख गर्दै सचिव साह भन्छन्, 'मधेश प्रदेशमा सहकार्य



भइसकेपछि जनमत नयाँ गठबन्धनतर्फ छ। प्रचण्डलाई दिएको समर्थन फिर्ता लिने औपचारिकता पनि छिट्टै हुन्छ।'

# कपाल उमार्न प्रयोग गरिने कोलाजेन सप्लिमेन्ट कति सुरक्षित ?

काठमाडौं, २३ असार। कपाल झर्न थाल्यो वा पातलिँदै गयो भने जो कोहीलाई चिन्ता हुन्छ। किनकि यसले सुन्दरता र अनुहारको स्वरुप नै बिगार्छ। कपाल झर्ने कारण एउटा मात्र हुँदैन। तनाव, हर्मोनल असन्तुलन, केमिकलको बढी प्रयोग र निद्रामा समस्या मुख्य हुन्। कारण जे सुकै होस्, आजभोलि के कारणले झऱ्यो भनेर परीक्षण नगराई यो समस्या समाधान गर्न ओभर द काउन्टर उत्पादन, घरेलु उपचार र मात्र होइन, सप्लिमेन्टसम्म लिने गर्छन्। जसमध्ये अहिले चर्चामा छ, कोलाजेन सप्लिमेन्टको।



**के हो कोलाजेन ?**

कोलाजेन एक प्रोटिन हो, जसमा ग्लाइसिन, प्रोलाइन र हाइड्रोक्साइप्रोलिन जस्ता एमिनो एसिडहरू हुन्छन्। यसले हाम्रो शरीरमा कपाल सहित मांसपेशी, रक्त धमिनी हरेक भागलाई बलियो बनाउन मद्दत गर्छ। हामीले जे खान्छौं त्यसबाट पनि शरीरमा कोलाजेन प्राप्त हुन्छ। जति उमेर बढ्दै जान्छ। त्यति कोलाजेनमा ह्रास आउँदै जान्छ। यसैकारण कपाल उमार्न सुरक्षित विकल्प सोचेर कोलाजेनका प्रयोगकर्ता बढेका छन्।

**कोलाजेनको सप्लिमेन्ट प्रयोग गर्न कति उचित ?**

यसबारे अध्ययन गर्ने विज्ञहरु कोलाजेन सप्लिमेन्ट खाँदैमा कपाल उम्रिन्छ भन्ने ठोस प्रमाण अहिलेसम्म नभेटिएको बताउँछन्। किनकि यो सप्लिमेन्ट रक्तसञ्चार हुँदै कपालसम्म पुग्न पाउँदैन। यो सिधा पाचननलीमा गएर पच्छ। जसकारण रक्त सञ्चारसम्म पुगेर अवशोषित हुन सप्लिमेन्ट पर्याप्त हुँदैन।

त्यसैले कपाल झर्ने समस्या छ भने पहिला कपालको जाँच गराउनुपर्छ। सोही अनुसार त्यसको उपचार गर्नु उपयुक्त हुने छाला, कपाल तथा यौनरोग विशेषज्ञ डा. प्रज्जवल पुडासैनी बताउँछन्। उनका अनुसार स्वस्थ व्यक्तिले कोलाजेन जस्ता सप्लिमेन्ट लिनु आवश्यक छैन। यद्यपि, जसको पोषणको अभाव जस्तै, भिटामिन, जिंक र खनिजहरुको अभावले कपालको विकास हुन पाएको छैन भने त्यो अवस्थामा सप्लिमेन्ट दिन सकिन्छ। जुन परीक्षणपछि चिकित्सको सल्लाहमा मात्र लिन सकिने डा. पुडासैनी बताउँछन्।

**जोखिम**

जथाभावी यस्ता सप्लिमेन्ट प्रयोग गर्दा स्वास्थ्यलाई हानि गर्न सक्ने छालारोग विशेषज्ञ डा. शिल्पी खेतरपाल बताउँछिन्। 'कोलाजेन सप्लिमेन्टले काम गर्छ भन्ने कुनै निश्चित प्रमाण छैन, तर के थाहा छ भने यसले फाइदाको साटो उल्टो हानि पुऱ्याउन सक्ने सम्भावना रहन्छ,' उनी भन्छिन्। यसमा अरु रसायन, आकर्षक देखाउन रङ र फ्लेवर हालिने भएकाले खाँदा एलर्जी हुनसक्छ। कतिपयले कोलाजेन लिंदा ग्यास्ट्रिकको समस्या समेत भएको सुनाउने गरेको डा. खेतरपाल बताउँछिन्। अमेरिकन फुड एन्ड ड्रग एडमिनिस्ट्रेसन (एफडीए) भन्छ, 'कोलाजेन खानका लागि हो, औषधि उत्पादनको लागि होइन।' यसको अर्थ यो औषधिको रूपमा परीक्षण र नियमन भइसेको छैन। एफडीएका अनुसार धेरैजसोमा लेबलिङसम्म नहुने भएकोले सही सन्देश नभएको पाइएको कारण प्रयोग गरी हाल्न उचित मानिंदैन।

**कपाल झर्न रोक्ने अन्य विकल्प**

डा. पुडासैनीका अनुसार कपाल कर्ली गर्न, भिजेको कपाल सुकाउन वा तन्काउन तातो उपकरणको प्रयोग गर्नुहुँदैन। यसले कपाललाई सुक्खा बनाएर हाँगा फाटेर टुक्रिन्छ। खानामा प्रोटिनयुक्त आहार भरपुर खानुपर्छ। किनकि कपाल स्वस्थ राख्ने प्रमुख तत्व प्रोटिन हो। यसको अभाव भयो भने कपाल सुक्खा तथा जरा कमजोर हुन्छ। चिकित्सकको सल्लाहमा भिटामिन र खनिज भएको औषधि लिन सकिने डा. पुडासैनी बताउँछन्।

**कोलाजेन सप्लिमेन्ट कसले प्रयोग गर्नु हुँदैन ?**

माछा वा अन्य कोलाजेन स्रोतहरूबाट एलर्जी भएमा कोलाजेन सप्लिमेन्ट बाट टाढा रहनुपर्छ। गर्भवती वा सुत्केरी महिलाले पनि यो प्रयोग नगर्नु नै उचित नहुने डा. पुडासैनी बताउँछन्।


## लहान नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

### आय ठेक्का सम्वन्धी टेण्डर स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०३/२३

यस कार्यालयबाट मिति २०८१/०२/०८ मा प्रकाशित आन्तरिक आयतर्फको विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्वन्धी शिलवन्दी टेण्डर आमन्त्रण सम्वन्धमा मिति २०८१/०३/१९ को यस कार्यालयको निर्णय वमोजिम देहाय अनुसारको ठेक्काका लागि देहाय बमोजिमको टेण्डर (प्रस्ताव) हरु "अधिकतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सो सम्बन्धमा कुनै टेण्डरदाता (प्रस्तावदाता) लाई चित नवुझेमा ७ दिनभित्र पुनरावलोकनका लागि आवेदन दिनहुन सम्बन्धित सबै टेण्डरदाताहरुको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | ठेक्काको नाम र स्थान | न्यूनतम ठेक्का अंक रकम रु. | सबैभन्दा अधिकतम अंक रकम कबोल गर्ने टेण्डरदाताहरुको नाम र ठेगाना | सबैभन्दा अधिकतम कबोल अंक रकम रु. |
|---|---|---|---|---|
| ०१. | गुदरी हाटवजार सेवा शुल्क संकलन ठेक्का (वडा नं. १ देखि १० सम्मका हाटवजार)। | ३८,०५,०००।– | श्री जामुन सहनी, लहान–४ | ३८,११,०००।– |
| ०२. | खसीबाखा हाटवजार सेवा शुल्क संकलन ठेक्का, लहान–५। | ३६,००,०००।– | श्री प्रेम कुमार पासमान, लहान–१० | ४०,००,०००।– |
| ०३. | गुदरी हाटवजार सेवा शुल्क संकलन ठेक्का (वडा नं. २३, गाढाचौक हाटवजार)। | ४५,५००।– | श्री मन्जु कुमारी मलाह,लहान–२३ | ८१,०००।– |
| ०४. | गुदरी हाटवजार सेवा शुल्क संकलन ठेक्का (वडा नं. १२, भोटियाटोलचौक हाटवजार)। | १,२६,०००।– | श्री जामुन सहनी, लहान–४ | १,५१,१११।– |
| ०५. | विज्ञापन कर संकलन ठेक्का, (न.पा. क्षेत्र)। | १४,८०,०००।– | श्री साइन हव प्रा.लि., विराटनगर | १४,९५,०००।– |

–प्रमुख प्रशासकीय अधिकृत

# मधेस प्रदेशमा शैक्षिक आन्दोलनको आन्तरिक तयारीमा आजपा

जनकपुरधाम। प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था गर्नुपर्ने मागसहित मधेस प्रदेशमा शैक्षिक आन्दोलनको आन्तरिक तयारीमा जुटेको छ। पछिल्लो समय आजपा निकटको आम विद्यार्थी मोर्चाले मधेस प्रदेशका विभिन्न जिल्लाका विद्यालयहरूमा शिक्षक, विद्यार्थीको अवस्था बुझ्न अनुगमन गरिरहेको छ। आम विद्यार्थी मोर्चाका अध्यक्ष विवेक साहले मधेस प्रदेशका कुनै पनि विद्यालयमा विद्यार्थी अनुपातमा तहगत र विषयगत शिक्षक नभएको बताए। 'हामीले यस बारेमा स्थानीय प्रशासनदेखि सरकारलाई जानकारी गराएका छौँ। मधेस प्रदेशका विद्यालयहरूमा विद्यार्थीको अनुपातमा विषयगत र तहगत शिक्षकको व्यवस्था गर्नुपर्ने माग गरेका छौँ' अध्यक्ष साहले भने, 'सरकारले गुणस्तरीय शिक्षाका लागि विद्यार्थी अनुपातमा विषयगत र तहगत शिक्षकको व्यवस्था नगरे अब हामी आन्दोलनमा उत्रिन बाध्य हुनेछौं।'




आजपा र आम विद्यार्थी मोर्चाका नेताहरूले मधेस प्रदेशका बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी जिल्लाका सयौँ विद्यालयमा विद्यार्थी र शिक्षकको अवस्था कस्तो रहेको भन्ने बारेमा अनुगमन गरेको छ। अनुगमन गरिएको रिपोर्ट पार्टी केन्द्रीय कार्यालयमा बुझाउने र सो बारेमा समीक्षा गरी आन्दोलनको घोषणा गरिने आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साहले जनाएका छन्। 'हामीले सयौँ विद्यालयको अवस्था के कस्तो छ भन्ने बारेमा विद्यालयमै पुगेर बुझेका छौँ। सरकारले मधेसको शिक्षालाई माथि ल्याउन नचाहेको देखियो। मधेसको गुणस्तरीय शिक्षाका लागि सरकारको कार्यशैली गैरजिम्मेवार रहेका देखिन्छ' वरिष्ठ उपाध्यक्ष साहले भने, 'हामीले विद्यार्थी अनुपातमा विषयगत र तहगत शिक्षकको व्यवस्था गराउन आन्दोलनमा जानुको विकल्प छैन।'

आजपा र आम विद्यार्थी मोर्चाका नेताहरूले हालै धनुषा जिल्लाको विभिन्न विद्यालयमा विद्यार्थी र शिक्षकको अवस्थाको बारेमा अनुगमन गरेका छन्। जनकपुरधाम स्थित श्री सरस्वती माध्यमिक विद्यालय, बसहियाको श्री गोपाल प्रसाद नमूना माध्यमिक विद्यालय, श्री माध्यमिक विद्यालय गिद्धा बेलापट्टी लगायतका विद्यालयहरूको अनुगमन तथा अन्तरक्रिया कार्यक्रम गर्दा त्यहाँ विद्यार्थी अनुपातमा विषयगत र तहगत शिक्षकको अभाव रहेको देखिएको अनुगमनमा पुगेका आजपा वरिष्ठ उपाध्यक्ष साहले बताए। आजपा वरिष्ठ उपाध्यक्ष साहका साथै सचिव श्रीचन मुखिया, श्रीलाल महासेठ, ममता शर्मा सहितका नेताहरूको अनुगमनमा पुगेका थिए। अनुगमनमा पुग्दा कतिपय विद्यालयको भौतिक पूर्वाधार समेत पर्याप्त नदेखिएको नेताहरू बताउँछन्। पिडादायी अवस्थामा विद्यार्थीहरूले पठनपाठन गर्नुपर्ने अवस्था रहेको छ।

शिक्षा ऐन विपरीत गरिएको शिक्षक दरबन्दीको असमान वितरण खारेज गर्न र विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने निष्कर्षमा आजपा पुगेको छ। आजपा महासचिव त्रिभुवन साहले मधेसको शिक्षाको अवस्था सुधारका लागि सरकारले चासो नदिएको बताउँदै अब छिटै नै आजपा निर्णायक आन्दोलनमा उत्रिने बताए। विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन नदेखिएको, एउटै कक्षाकोठामा सयौँ विद्यार्थीहरू कोचिएर पठनपाठन गर्नुपर्ने कारणले विद्यार्थीको भविष्यसँग खेलबाड गर्ने सरकारका विरुद्धमा आन्दोलन गर्नुको विकल्प नभएको महासचिव साहले बताए। तहगत र विषयगत अपुग शिक्षक पुरा गर्न, गुणस्तरीय शिक्षाको व्यवस्था गर्न, विभेदकारी शिक्षकको दरबन्दी वितरण खारेज गर्ने लगायतका विषयमा छलफल गर्दै पार्टी केन्द्रीय कमिटीको निर्णय अनुसार अब अगाडी बढ्ने उनले बताए।

४० देखी ५० विद्यार्थी संख्यामा एक जना शिक्षक रहने सरकारी मान्यता विपरीत मधेसमा ८० देखी १०० विद्यार्थी बराबर एक शिक्षक रहेको र हजारौं विद्यालयमा शिक्षक दरबन्दी शून्य रहेको साथै विषयगत शिक्षकको पुरै अभाव रहेको विडम्बनापूर्ण स्थितिमा विद्यार्थीको भविष्यको लागि आन्दोलन मात्र एक विकल्प रहेको निष्कर्ष अनुगमनमा गएका नेताहरूको रहेको छ। मधेसका अधिकांश विद्यालयमा १०० देखी ३०० सय सम्म विद्यार्थी कोचिएको विद्यालयमा तत्काल सेक्सन छुट्याई अपुग शिक्षक र आवश्यक भौतिक संरचना पूर्ति गर्नुपर्ने, विद्यार्थीको जनसंख्या हरेक वर्ष वृद्धि हुने हुनाले विद्यार्थी शिक्षक अनुपात मिलाउनका लागि प्रत्येक वर्ष विद्यार्थी भर्ना अभियानसँगै अपुग हुने शिक्षक दरबन्दी वैशाख महिनाको पहिलो साताभित्र शिक्षक सेवा आयोग खोली अनिवार्य रूपमा पूर्ति गर्ने व्यवस्था गर्नुपर्ने माग आजपाले गरेको छ।

## १४ किलो चाँदी सहित तीन पक्राउ

काठमाडौं, २३ असार। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले १४ किलो २५० ग्राम चाँदीसहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतीय नागरिक २२ वर्षीय अमन कुमार, २६ वर्षीय विकीकुमार साह र सवारी चालक श्रवणप्रसाद कानु छन्। ललितपुरबाट काठमाडौंतर्फ आउँदै गरेको भारतीय नम्बर प्लेटको गाडीमा चाँदीका गरगहना राखेर अवैध रुपमा ल्याइँदै गरेको सूचनाका आधारमा पक्राउ गरिएको ब्यूरोका एसपी हेविन्द्र बोगटीले बताए। उनका अनुसार, प्रहरीले सानो गौचरणस्थित अटो सर्भिसेज प्रालि नामक वर्कसपभित्र राखेको अवस्थामा बीआर ०६ यू ९०५३ नम्बरको गाडी पनि बरामद गरेको छ।

## बेचन झाको गिरफ्तारीले कमरेडहरू बेचैन हुनु भोः सांसद सापकोटा

काठमाडौँ, २३ असार। नेकपा (माओवादी केन्द्र) का सांसद माधव सापकोटाले नक्कली भूटानी शरणार्थी प्रकरणको फाइल खोलेर बेचन झा पक्राउ गर्नासाथ सरकार परिवर्तनको खेल शुरु भएको बताएका छन्। उनले नेकपा (एमाले) प्रति लक्षित गर्दै गिरिबन्धु टि स्टेटको कालो धब्बाले छोपिएर आफूहरुलाई नैतिकताको पाठ नसिकाउन चेतावनी दिए। उनले भने, 'प्रधानमन्त्री, गृहमन्त्रीसहित पारदर्शीता कायम गर्नका निमित्त भूटानी शरणार्थीसँग सम्बन्धित रहेको फाइल फेरि खोल्न अगाडी बढ्नुभयो। बेचन झाको गिरफ्तारी र त्यसबाट प्राप्त भएका तथ्य प्रमाणहरु बिस्तारै सार्वजनिक हुँदै गए।

बेचन झाका प्रमाणहरु आएपछि तपाईहरु बेचैन हुँदै ढुंगा प्वाल परेको देख्नुभयो। ढुंगा प्वाल पर्ने बित्तिकै मुसा भाग्छ बहादुरहरुले त सामना गर्छन्। साहसीहरुले सामना गर्ने हो। तपाईहरु अहिले हामीलाई नैतिकताको पाठ सिकाएर गिरिबन्धुको कालो धब्बाले धपक्कै छोपिएर, बेचन झाले बेचैन बनेकाहरुले हामीलाई नैतिकताको पाठ सिकाउने। तपाईहरु पहिले गिरिबन्धु टि स्टेटको कालो धब्बा कसरी पखाल्ने? बेचन झाबाट बेचैन भएको चैन पहिले फर्काउनुस् न। त्यसपछि हामी कुरा गरौंला।'

*चालु आवको ...*

टीएसए) र कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) एक हप्ताका लागि बन्द हुनेछन्" रिजालले भने, "कानुनमै उल्लेख भएको विषय भएकाले मलेनिकाले यस वर्ष प्रलेनिका र कोलेनिकालाई खाता बन्द गर्न परिपत्र गरेको छैन। तर, रातिदेखि बजेट भुक्तानी हुँदैन।"

संघ, प्रदेश तथा स्थानीय तहको बजेट भुक्तानी निकासाका निम्ति प्रयोग गरिने सबै खाता एक हप्ताका लागि बन्द हुने भएकाले सोमबार सम्ममा चालु आर्थिक वर्ष २०८०/८१ को बजेट भुक्तानी दायित्व फरफारक गरिसक्नुपर्ने पनि उनले बताए। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३० मा आर्थिक वर्ष समाप्त हुन एक साताअघि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। विनियोजन ऐनले 'फ्रिज' नहुने भनी तोकेको शीर्षकको बाहेक अरू रकम भुक्तानी गर्न पाइँदैन। यद्यपि, अत्यावश्यक प्रयोजनमा भएको खर्चका निम्ति मलेनिकाको सहमतिमा भुक्तानी गर्न सकिने व्यवस्था नियमावलीमा छ।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग

### सांसद शाहीको प्रश्न

## फाइल खोल्छु भनेपछि पद गयो ?

काठमाडौं, २३ असार। प्रतिपक्ष दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रमुख सचेतक ज्ञानबहादुर (ज्ञानेन्द्र) शाहीले ७२ घण्टामा निर्मला पन्तको हत्यारा पत्ता लगाउँछु भनेर भोट मागेको होइन ? भन्दै गृहमन्त्री रवि लामिछानेलाई प्रश्न गरेका छन्। आइतबार प्रतिनिधिसभा बैठकको विशेष समयमा उनले १२४ दिन सरकारमा हुँदा खै हत्यारा पत्ता लगाएको ? भन्दै थप प्रश्न गरे। जीबी राईलाई पक्राउ गरेर ल्याए गृहमन्त्री लामिछानेलाई सदनमा फूलमाला लगाएर स्वागत गर्ने उनले उद्घोष नै गरे। उनले गृहमन्त्री लामिछाने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पथको पछाडि लागिपरेको टिप्पणी गरे।

"दयाक्कै कपी गर्नुभएको छ गृहमन्त्रीले। हुन त सँगसँगै हुनुहुन्छ सरकारमा," उनले भने, "फाइल खोल्ने भनेपछि मेरो सरकार ढाल्यो रे ! अझै सात दिन छ, फाइल खोलौँ। भ्याम कि भ्याम पक्रेर जेल हालौँ। हामी साथ र सहयोग गर्छौं।" उनले फाइल खोल्नुस् न भन्दै जनतालाई कहिलेसम्म भ्रमित पार्ने भनी प्रश्न गरे। उनले क्यान्टोनमेन्ट घोटालामा कसको संलग्नता छ, रेस्ट्रमा उभिएर जवाफ दिन गृहमन्त्रीलाई अनुरोध गर्दै भने, "पुरानाले देशलाई ३३ वर्षदेखि लुटे, यिनीहरूका विरुद्ध सडक र संसदबाट खडा हुनुपर्छ भनेर जनताले जनमत दिएको हो।" उनले संविधान संशोधन र परिवर्तन गर्नुपर्ने भन्दै संविधान गीता, कुरान, बाइबल नभएको उल्लेख गरे। संविधान देशको हितमा भए अघि बढाउने र नभए धाराहरू हटाएर उपयुक्त बनाउनुपर्ने धारणा राखे।

*मधेश प्रदेशमा...*

मिश्रले जानकारी दिए।

उनले रोगको पहिचान तथा निदानमा प्रयोगशालाको भूमिका महत्वपूर्ण हुने बताए। प्रदेश भर स्थापना भएका प्रयोगशालाबाट दीर्घ रोगको पहिचान तथा नियन्त्रण गरी प्रदेशवासीलाई स्वस्थ राख्ने अभियान सञ्चालन गरिएको उनको भनाइ छ। मधेश प्रदेशका स्वास्थ्य आपूर्ति केन्द्रका निर्देशक डा. मनिषकुमार पाण्डेले प्रदेशवासीलाई स्वस्थ बनाउन प्रयोगशालाको योगदान महत्वपूर्ण रहने धारणा राखे। मधेश प्रदेशमा कोभिड-१९ का बेला स्थापना भएको प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सेवा दिँदै आएको छ। अहिले सर्ने तथा नसर्ने रोगको सस्तो तथा सुलभ दरमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाले परीक्षण गरिरहेको छ।


**संक्रामक रोगबाट बचौं र बचाऔं।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्रुन संक्रामक रोगहरु फैलिन सक्दछन्।

**त्यसैले**

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)